नीलकण्ठ नगर पालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङबेसी, धादिङ

बागमती प्रदेश, नेपाल

मिति : २०८२/०८/०२

## नीलकण्ठ नगरपालिकामा लैङ्गिक हिंसा प्रभावितहरुका लागि राहत कोष सञ्चालनमा रहेको सम्बन्धी सूचना !

### "लैङ्गिक हिंसा अन्त्य गरौं : समान र समावेसी समाज निर्माण गरौं।"

लैङ्गिक हिंसा अक्षम्य अपराध हो। लैङ्गिक हिंसा नगरौं/ नगराऔं भएमा नसहौं र प्रतिवाद गरौं। यस्तो हिंसा भएको खण्डमा पीडितलाई लक्षित गरी नगरपालिकामा **"लैङ्गिक हिंसा राहत कोष"** सञ्चालनमा आएको छ। यस कोषको उद्देश्य नीलकण्ठ नगरपालिकाका लैङ्गिक हिंसाबाट पीडित व्यक्तिहरूलाई तत्काल राहत, सहयोग र पुनर् स्थापना सेवाहरू उपलब्ध गराउनु रहेको छ।

नगर क्षेत्रभित्र रहेका सबै सरोकारवाला निकाय,वडा कार्यालय, महिला समूह, गैर—सरकारी संस्था, विद्यालय, स्वास्थ्य संस्था र समुदायका प्रतिनिधि लगायतका सरोकारवालाहरुलाई जानाकारीका लागि यो सूचना प्रकाशन/प्रशारण गरिएको छ।

१. लैङ्गिक हिंसासम्बन्धी कुनै पनि घटना भएमा तुरुन्तै सम्बन्धित वडा कार्यालय वा नीलकण्ठ नगरपालिका कार्यालय वा जिल्ला प्रहरी कार्यालयमा जानाकारी गराउनुहुन अनुरोध छ।

२. उक्त कोषबाट लैङ्गिक हिंसा पीडित व्यक्तिहरुका लागि समितिको निर्णयअनुसार देहायका उल्लेखित सेवाहरु उपलब्ध गराउन सकिने व्यहोरा अनुरोध छ ।

<u>देहाय</u> :

- ✓ पीडितलाई तत्काल उद्दार गर्दा सवारी साधन प्रयोग गर्न,
- ✓ पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्न,
- ✓ कानूनी सहायता प्रदान गर्न,
- ✓ हिंसा पीडिलालाई पुनर्स्थापन गर्न, र
- ✓ हिंसा पीडित व्यक्तिहरुको जीविकोपार्जनका लागि सहयोग उपलब्ध गराउन

३. कोष सम्बन्धी थप जानकारीका लागि नगरपालिका कार्यालयको महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ।

सम्पर्क नं. ९८४१०६३१८०

०८/०२

प्रमुख प्रशासकीय अधिकृत